# मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०७५

प्रमाणित छ
२०७५।१।७
(खेमराज ज्ञवाली)
प्र.प्र.अ.

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५।०१।०७

**नगरपालिका : कावासोती**

**जिल्ला : नवलपरासी (ब.सु.पू.)**

**प्रदेश नं. : ४**



Scanned with CamScanner

# मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०७५

प्रस्तावना : नगरक्षेत्र भित्रका स्थानीय पूर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गरी कोष सञ्चालनको कार्यविधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी कावासोती नगरकार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

**परिच्छेद – १**

**प्रारम्भ**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "मर्मत सभार कोष सञ्चालन कार्यविधि २०७५" रहने छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७५ लाई जनाउने छ ।

(ख) "नगरपालिका" भन्नाले कावासोती नगरपालिकालाई जनाउने छ ।

(ग) "स्थानीय तह" भन्नाले कावासोती नगरपालिकालाई जनाउने छ ।

(घ) "उपभोक्ता समिति" भन्नाले उपभोक्ता समिति गठन, परिचालन र व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ बमोजिम गठित उपभोक्ता समितिलाई जनाउने छ ।

**परिच्छेद – २**

**कोष स्थापना**

३. कोष स्थापना : कावासोती नगरपालिकामा एक मर्मत सम्भार कोष रहनेछ । जसमा देहाय अनुसारको रकम जम्मा गरिनेछ

(क) विनियोजन ऐनले निर्धारण गरेको रकम

(ख) नगरपालिकासंग दोश्रो पक्षको सम्झौता अनुसार प्राप्त हुन आउने रकम

(ग) नगरपालिका क्षेत्रभित्र नगरपालिकाद्धारा संचालनहुने पुर्वाधार विकास सम्वन्धी योजनाहरुको भुक्तानी रकमको २% ले हुनआउने रकम ।



Scanned with CamScanner

-१४१-

## परिच्छेदः ३
## कोषको सञ्चालन

४. (१) कोषको खाता सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषको लेखा र लेखा परीक्षण सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद : ४
## व्यवस्थापन समिति

५. व्यवस्थापन समिति : (१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी ढंगले सञ्चालन गर्ने एक मर्मत सम्भार कोष वयवस्थापन समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन :

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख- | अध्यक्ष |
| (ख) | पुर्वाधार विकास समितिको संयोजक- | सदस्य |
| (ग) | वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक- | सदस्य |
| (घ) | प्रमुख प्रशासकिय अधिकृत- | सदस्य |
| (ङ) | नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला सहित समितिले तोकेको २ जना- | सदस्य |
| (च) | पुर्वाधार विकास शाखा प्रमुख- | सदस्य सचिव |

(२) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) मर्मत सम्भार गर्नुपर्ने कार्यहरुको लगत संकलन गर्ने गराउने,

(ख) मर्मत सम्भार गर्नुपर्ने कार्यहरुको प्राथमिकताकरण तोक्ने,

(ग) मर्मत सम्भार कोषवाट गर्नुपर्ने मर्मत कार्यको प्राथमिकिकरण अनुसारको कार्यक्रम स्वीकृतीका लागि नगर कार्यपालिकामा पेश गर्ने ,

तर, विपद् व्यवस्थापनमा सघाउ पुर्‍याउन मर्मत सम्भारको कार्य गर्न अत्यावश्यक भएमा व्यवस्थापन समितिको निर्णयानुसार कार्य गरि समर्थनका लागि नगर कार्यपालिकामा पेश गर्न सकिने छ र त्यस्तो निर्णय समर्थन गर्नु नगर कार्यपालिकाको कर्तव्य हुनेछ ।

(घ) मर्मत सम्भार कोषवाट सञ्चालन हुने कार्यको अनुगमन गर्ने र आवश्यक निर्देशन दिने,



Scanned with CamScanner

(ङ) मर्मत सम्भार कार्यलाई थप व्यवस्थित बनाउन आवश्यक पर्ने नीतिगत व्यवस्था गर्न कार्यपालिकालाई सुझाव दिने ।

(३) व्यवस्थापन समितिको वैठक कम्तिमा वर्षको ३ पटक वस्नेछ । तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै वेला पनि वैठक वस्न सक्नेछ ।

(४) वैठक भत्ता सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद – ५
## विविध

(६) व्यवस्थापन समितिले मर्मत सम्भार कार्यको प्राथमिकिरण गर्दा वार्षिक नीतिमा समावेश भई कार्यक्रममा समावेश हुन नसकेका विषयहरुलाई समेत मध्य नजर गरि गर्नुपर्नेछ ।

(७) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन २०७४ सँग बाझिएको हदसम्म स्वतःनिष्कृय हुनेछ ।

Scanned with CamScanner